## नोवल कोरोना भाईरस (कोभिड १९) बाट महामारीको सामना गरिरहेको अवस्थामा महिलाको जीवन र स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकार जस्तो अति सम्वेदनशिल तथा आधारभूत सेवाको सूनिश्चितता र निरन्तरताका लागि

# प्रजनन स्वास्थ्य अधिकार कार्य समुह (RHRWG) को तर्फबाट अपिल

अहिले विश्वमा महामारीको रुपमा फैलिएको नोवल कोरोना भाईरस (कोभिड १९) ले सम्पूर्ण विश्वको ध्यान केन्द्रित गरिरहेको छ। यो विषम परिस्थितिमा सम्पूर्ण स्वास्थ्य सेवाका श्रोत, साधन र संयन्त्रका साथै सरकार यो महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि केन्द्रित रहेको छ। नेपाल सरकारले पनि यो परिस्थितिको सामना गर्न नेपाल भरीनै हाललाई यहि चैत्र २५ गतेसम्म लकडाउन गरि यसको रोकथाम, नियन्त्रण र उपचारमा केन्द्रित रहेको छ। नेपाल सरकारको यो कदम स्वागत योग्य तथा प्रसंशनिय छ, जसले गर्दा कोभिड १९ ले नेपालमा अहिले महामारीको रुप लिएको देखिएको छैन। सरकारको यो कदमको यस कार्य समुहमा आवद्ध सबै संस्थाहरूले धन्यवाद ज्ञापन गर्नुका साथै सरकारले लिएको नीतिअनुसार आ-आफ्नो तवरबाट सहयोग गरिरहेका छौं।

यो महामारीबाट सृजित विषम परिस्थितिले यौन तथा प्रजनन स्वास्थ्य सेवामा निकै ठूलो प्रभाव पारिरहेको छ। महिलाको जीवन र स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकार जस्तो अति सम्वेदनशिल तथा आधारभूत सेवामा परेको यो प्रभावले महिलाहरू त्यसमा पनि विशेष गरेर विपन्न, गरिव तथा पहुँच नभएका महिलाहरूलाई बढी असर गरिरहेको छ। प्रजनन स्वास्थ्य सेवा र अधिकार महिलाको मानव अधिकार हो र यसलाई हाम्रो देशको संविधानले पनि मौलिक हकको रुपमा अङ्गिकार गरेको छ। यस्तै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले यौन तथा प्रजनन स्वास्थ्य सेवालाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने उद्देश्य राखी यो सेवा सुरक्षित, गुणस्तरिय, सर्वसुलभ र पहुँचयोग्य बनाउने नीति लिएको छ। यस्तै गरि जनस्वास्थ्य ऐन, २०७५ ले यो सेवालाई आधारभूत स्वास्थ्य सेवाको रुपमा स्थापित गरेको छ। अर्कोतर्फ विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि तथा विभिन्न समयमा महासन्धि अन्तर्गत रहेर दिएका निष्कर्ष र सुझावहरूका साथै दिगो विकास लक्ष्य र सम्मानित सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तहरूको पालना गर्नुपर्ने उत्तरदायित्वहरूका साथै महिलाहरूको आत्मानिर्णयको अधिकारलाई सम्मान गर्नुपर्ने पनि हामी सबैको दायित्व रहेको छ।

यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्दै यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकार महिलाले आत्मसम्मानपूर्वक अविछिन्न रुपमा सुरक्षित, गुणस्तरिय, सर्वसुलभ र पहुँचयोग्य बनाउन सहज वातावरणको विकास गर्न तथा महिलाको जीवन र स्वास्थ्य माथि पर्ने सक्ने जोखिमलाई अन्त्य गर्न सरकारसँग प्रजनन स्वास्थ्य अधिकार कार्य समुहको तर्फबाट निम्न लिखित अपिल गर्दछौं :

- सरकारी, गैरसरकारी, नीजि क्षेत्रका सबै सेवा प्रदायक, स्वास्थ्य संस्था र सेवाग्राहीलाई निर्वाध रुपमा आवज जावत र सेवा संचालन गर्न सक्ने वातावरणको सुनिश्चितता,
- सेवा प्रदायक सेवाग्राहीको सुरक्षा उपकरण, औषधि तथा आवश्यक अन्य सामग्रीहरूको उपलब्धताको सुनिश्चितता,
- महिला तथा किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी गुणस्तरिय शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने सुनिश्चितता,
- आत्मसम्मान सहितको प्रसुती सेवा विशेष गरि गर्भवती जाँच, प्रसुती सेवा, प्रसुती पश्चात्को स्याहार सेवा, नवजात शिशुको स्वास्थ्य जाँच, नवजात शिशुलाई दिने खोप, प्रसुती स्याहार भत्ता, आकस्मिक प्रसूति सेवा, आधारभूत र बृहत आकस्मिक प्रसूति सेवा र नवजात शिशुको आकस्मिक सेवाको सुनिश्चितता,
- गर्भनिरोध तथा आकस्मिक गर्भनिरोध र परिवार नियोजनसम्बन्धी सूचना, परामर्श, गुणस्तरिय सेवा पाउने सुनिश्चितता,
- सुरक्षित गर्भपतन अधिकारको सम्मान र सेवाको सुनिश्चितता तथा गर्भपतन पश्चात्को जटिलताको समयमा सेवा पाउने सुनिश्चितता,
- प्रजनन स्वास्थ्य रुग्णता सम्बन्धी परामर्श, उपचार र आकस्मिक सेवाको सुनिश्चितता,
- प्रत्येक महिलालाई गर्भवती तथा सुत्केरी र प्रजनन स्वास्थ्य रुग्णताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने सुनिश्चितता,
- सबै स्वास्थ्य संस्था अन्तर्गतको स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा कार्यरत गर्भवती, सुत्केरी र प्रजनन स्वास्थ्य रुग्णता भएका स्वास्थ्यकर्मी महिलाको शारीरिक आराम तथा घर बिदा, सुत्केरी बिदा वा प्रजनन स्वास्थ्य रुग्णताको बिदा लिन पाउने सुनिश्चितता,
- आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य, गोपनियता र सुरक्षित रुपले पाउने अधिकारको सुनिश्चितता।

*"प्रजनन स्वास्थ्य अधिकार कार्य समुह यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुको सामूहिक समुह हो।"*

सचिवालय

FWLD